# बन्दिपुर राजपत्र

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २ संख्याः १९ मितिः २०७५/०९/२९

## भाग २

बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

# बन्दिपुर गाउँपालिका, मासु पसल व्यवसाय संचालन मापदण्ड, २०७५

*"मासु व्यवसायीको सेवा, स्वस्थ्य समाज निर्माणमा टेवा"*

# बन्दीपुर गाउँपालिका

## बन्दीपुर गाउँपालिका, चौथो गाउँसभाबाट पारित गरिएको मासु पसल व्यवसायिहरूले पालना गर्नुपर्ने न्युनतम मापदण्डहरू २०७५

| सि.नं | आधारभूत मापदण्डहरू |
|---|---|
| १ | मासु पसल गाउँपालिका कार्यालयमा दर्ता गर्नु पर्नेछ । |
| २ | मासुका लागि परंपरागत रुपले मान्यता प्राप्त र कानुनले तोकिएका पशुहरू मात्र वध गर्न सकिने छ । |
| ३ | सन्चालक/कामदारले स्वच्छ मासु उत्पादन संवन्धी तालिम लिएको हुनु पर्ने । |
| ४ | पशु पन्छी सिफारिस गरिएका वध स्थलमा मात्र वध गर्नु पर्ने । |
| ५ | रोगी विरामी पशु पंक्षी बध गर्न पाईने छैन । कुनै पशु वा पंक्षीजन्य महामारी रोग फैलिएको अवस्थामा वध गर्नुपूर्व स्वीकृत प्राप्त चिकित्सकबाट वा अख्तियारवाला अधिकारीबाट अनिवार्य रुपले जांच गरेर मात्र बध गर्नुपर्नेछ । |
| ६ | मासु पसल संगै अन्य जस्तो तरकारी फलफुल खाद्यान्न आदि सामाग्रीको विक्री एकै ठाउंबाट गर्न नपाइने । |
| ७ | मासु पसलमा चुरोट, सुर्ति लगायत खाद्य पदार्थको सेवन नगरि वधस्थल र मासु पसलको स्वच्छता कायम राख्नु पर्ने । |
| ८ | बधस्थल सफा, स्वच्छ, दुर्गन्ध रहित एवं ड्रेनेजको व्यवस्था सहित प्रशस्त सफा पानीको व्यवस्था भएको हुनुपर्नेछ । |
| ९ | पसलको नाम खुलेको वोर्ड/दर्ता प्रमाण पत्र/पान नं र दैनिक मूल्य सूची टांस गरेको हुन पर्ने । |
| १० | पसलमा डिप फ्रिजको अनिवार्य व्यवस्था हुनु पर्ने । |
| ११ | खुला रुपमा मासु राखि विक्री/वितरण गर्न नपाइने । |
| १२ | विक्री स्थलको भुंइ भित्ता सर्वैतिर सजिलै सफा गर्न सकिने सेतो टायल/स्टिल/अल्मुनियम पाता वा सेतो मार्वल लगाई वनाइएको हुनु पर्ने । |
| १३ | सिसा र जालीको उपयुक्त प्रयोग गरि किरा फट्याङग्रा धुलो आदिको नियन्त्रण र प्रकास साथै स्वच्छ हावाको आवागमनको प्रवन्ध हुनु पर्ने । |
| १४ | मासु काट्ने औजारहरू स्टेनलेस स्टिलको प्रयोग गरेको हुनु पर्ने । |
| १५ | मासु काट्ने अचानो सफा र नचोईटिने भएको हुनु पर्ने । |
| १६ | मासु पसलमा सेतो वाहेक अन्य कुनै पनि रङ्गिन टायल, इनामेल सामाग्री प्रयोग गर्न पाइने छैन । |
| १७ | रोगी वा मरेको पशुको तथा सडे गलेको र दुर्गन्धित मासु वेच्न पाइने छैन । |
| १८ | विभिन्न पशुको मासु संगै राखि वेच्ने भएमा स्पष्ट छुटिने गरि राखेको हुनु पर्ने । |
| १९ | एनिटवायोटिक्स, हर्मोन तथा कोर्टिको स्टेरोइड जस्ता औषधि प्रयोग गर्दा तिनको असर तोकिएको अवधिभर पशु वध गर्न नपाइने । |
| २० | सके सम्म डिजिटल जोख्ने साधन हुनु पर्ने । |
| २१ | मासु पसलमा काम गर्नेले मास्क, एप्रोन, टोपी लगायत सुरक्षा पोसाक लगाएको हुनु पर्ने । |
| २२ | मासुको आर्कषण बढाउन कुनै किसिमको रंग रसायन प्रयोग गर्न नपाईने । |
| २३ | मासुमा कुनै पानी छर्केको वा भिजाइएको कपडाले छोपेको हुनु नहुने । |
| २५ | मासु पसलमा काम गर्नेले दारी, कपाल, नङ काटी सफा पहिरन(एप्रोन) सहित हुनु पर्ने |
| २६ | व्यवस्थापक/कामदारले कम्तिमा ६/६ महिनामा एक पटक नियमित स्वस्थ्य परीक्षण गर्ने व्यवस्था गर्नु पर्ने । |
| २७ | छर छिमेक र वरीपरी दुर्गन्ध हुन नहुने र उपभोक्ताबाट जनगुनासो आएको हुन नहुने । |
| २८ | सरोकारवाला संस्थाको आधिकारीक प्रतिनिधिले मासु पसल तथा गुणस्तर परीक्षण गर्न चाहेका वखत पूर्ण रुपले सहयोग गर्नु पर्ने । |
| २९ | सरोकारवाला निकायको निर्देशनको पालन गरेको हुनु पर्ने । |
| ३० | वधस्थलबाट मासु पसल सम्म मासु ढुवानीको उपयुक्त व्यवस्था गरिएको हुनु पर्ने । |
| ३१ | पशु वधस्थलबाट निस्कासन हुने मल मुत्र, हाडखोर, सिङ, नंग्रा, रौं, रगत लगायत मासुका टुक्रा आदिको उपयुक्त व्यवस्थापन गर्नु पर्ने छ । |
| ३२ | मासु पसलमा अति आवस्यक स्टिल टेवुल र फ्रिज उपकरण वाहेक वाकस, दराज, पलङ लगायत अन्य कुनै पनि सामान राख्न पाइने छैन । |
| ३३ | **पशु वधशाला तथा मासु जांच ऐन २०५५ तथा नियमावली २०५७** को पूर्ण रुपले पालना तथा कार्यान्वयन गर्न गराउन सहयोग गर्नु पर्ने छ । |

आज्ञाले

नामः सुकदेव लम्साल

प्रमुख प्रशासकिय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

बन्दिपुर गाउँपालिका

तनहुँ